## अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२/०८/२८ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहको विवरणः-

| सि.नं | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी | विशेष अदालतको फैसला र आधार | उल्लिखित आधार लिई विशेष अदालत काठमाण्डौबाट भएको फैसला देहायका आधार, कारणहरुबाट बदर भागी छ. |
|---|---|---|---|---|---|
| १ | दीनानाथ मिश्र, सुमन प्रसाद चौधरी, शिव वालक साह कानू, बुधनप्रसाद यादव, सुनिल कुमार झा, जयलाल सहनी, सुदामा प्रसाद चौधरी र रामपति देवी थरुनी मु.नं(०८१-CR-००६२)फैसला मिति २०८२/०३/२२ | **रिसवत लिई गलत लिखत तयार गरेको तथा सरकारी लिखत सच्याएको** | **आयोगको माग दावी**<br>क. **नापी कार्यालय बारामा अधिकृतको रुपमा कार्यरत रही हाल अवकाश प्राप्त प्रतिवादी दीनानाथ मिश्रलाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा बिगो रु.१,५०,०००।- कायम गरी सोही ऐनको दफा ३(१)(घ) बमोजिम कैद सजाय हुन तथा सोही ऐनको दफा ३(१) बमोजिम जरिवाना हुन र रिसवत लिएको रकम सोही ऐनको दफा ३(१) बमोजिम असुल/जफत गरी पाउन, गलत लिखत तयार गरेतर्फ सोही ऐनको दफा ९ को कसुरमा सोही दफा ९ बमोजिम कैद र जरिवाना हुन र लिखत सच्याएतर्फ सोही ऐनको दफा ११ बमोजिमको कसुरमा सोही दफा ११ बमोजिम कैद र जरिवाना हुन मागदाबी लिइएको।<br>ख. **नापी कार्यालय बारामा तत्कालीन समयका सर्भेक्षक हाल नापी कार्यालय वीरगंज पर्सामा कार्यरत नापी अधिकृत प्रतिवादी शिव बालक साहलाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा बिगो रु.१,५०,०००।- कायम गरी सोही ऐनको दफा ३(१)(घ) बमोजिम कैद सजाय हुन तथा सोही ऐनको दफा ३(१) बमोजिम जरिवाना हुन र रिसवत लिएको रकम सोही ऐनको दफा ३(१) बमोजिम असुल/जफत गरी पाउन, गलत लिखत तयार गरेतर्फ सोही ऐनको दफा ९ को कसुरमा सोही दफा ९ बमोजिम कैद र जरिवाना हुन र लिखत सच्याएतर्फ सोही ऐनको दफा ११ बमोजिमको कसुरमा सोही दफा ११ बमोजिम कैद र जरिवाना हुन मागदाबी लिइएको।<br>ग. **मालपोत कार्यालय बारामा मालपोत अधिकृतको पदमा कार्यरत प्रतिवादी सुमनप्रसाद चौधरीलाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा बिगो रु.१,५०,०००।- कायम गरी सोही ऐनको दफा ३(१)(घ) बमोजिम कैद सजाय | **अदालतको फैसला**<br>प्रतिवादी मध्येका प्रकाश आचार्य र बिक्रम बुढाले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय खण्ड (ग) र (ङ) बमोजिमको कसूर गरेको देखिंदा सोको बिगो रु.१३,७२,३४०।४५ को दामासाहीले जनही बिगो रु.२,७४,४६८।०९ कायम भई प्रतिवादीहरु प्रकाश आचार्य र विक्रम बुढालाई जनही ३ (तीन) महिना कैद र बिगो बमोजिम जरिबाना हुने र प्रतिवादीहरु हस्त बहादुर बुमी, धौली कामी र केवल बुढाले सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिमको कसूर गरेकोले सोही उपदफा (४) बमोजिम बिगो बमोजिम जरिबाना हुने र कसूर ठहर भएका प्रतिवादीहरुबाट दामासाहीले हुने जनही बिगो रु.२,७४,४६८।०९ असुल उपर हुने ठहर्छ।<br>प्रतिवादीहरु विरेन्द्र मल्ल, दलवीर सार्की र राजेन्द्र | **क.** जिल्ला बारा डुमरवाना गा.वि.स. वडा नं. ६ स्थित प्रतिवादी रामपति देवी थरुनीको नाउँमा रहेको साविक कि.नं. २२१ को क्षेत्रफल ज.बि. ०-१-१० बाट आफ्ना पति सुदामा चौधरीलाई ०-०-१० जग्गा पास गरी बाँकी ०-१-० हुनुपर्नेमा लिखतको बाँकी महलमा क्षेत्रफल ०-३-१० अभिलेख राखेको र साविक कि.नं. २८३ को ०-३-१० जग्गाबाट प्रतिवादी सुदामा प्रसाद चौधरीलाई ०-१-० पास गरिदिए पछि क्षेत्रफल०-२-१० बाँकी हुनुपर्नेमा बाँकी क्षेत्रफल ०-६-० अभिलेख देखाई फाईल नक्सा तयार गरी सोही अनुसार प्लट रजिष्ट्रर सच्याई हालैको बकसपत्र लिखतको कित्ताकाटको महलमा गलत बेहोरा जनाई नापी कार्यालय, बारा र मालपोत कार्यालय, बारा समेतको मिलेमतोमा रिसवत लिई स्रेस्ता पुर्जा तयार गरी भ्रष्टाचार गरेको भन्ने तथ्य रहेको प्रस्तुत मुद्दामा, प्रतिवादीहरू मध्येका तत्कालीन मालपोत अधिकृत सुमनप्रसाद चौधरी, सर्भेक्षक प्रतिवादी शिववालक साह कानू र नापी अधिकृत प्रतिवादी दिनानाथ मिश्रले प्रतिवादी रामपतिदेवी थरुनीलाई गैरकानूनी लाभ पुर्‍याउने र उक्त जग्गाहरु पुनः तह तह कित्ताबाट गरी खरिद गर्ने अन्य खरिदकर्ता व्यक्तिहरूलाई हानिनोक्सानी पुर्‍याउने बदनियतले जग्गाको गलत क्षेत्रफल कायम गरी उक्त जग्गाहरुको प्लट रजिष्टर, नापी नक्सा तयार गर्ने र सोही आधारमा लिखत पारित गरी गराई श्रेस्ता कायम गर्ने भ्रष्टाचारजन्य कार्य गरेको हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र ११ को कसूरमा कसूरदार ठहर गरेको छ भने प्रतिवादीहरू सुदामा प्रसाद चौधरी, दिनानाथ मिश्र र शिवबालक साह कानूले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र ११ को कसूरमा ऐ.दफा २२ बमोजिम मतियारको कसूरमा कसूरदार ठहर गरेकोमा सर्भेक्षक प्रतिवादी सुनिल कुमार झा र नायव सुव्वा प्रतिवादी बुधन प्रसाद यादवलाई आरोपदावीबाट पूर्ण सफाई दिने ठहर गरी भएको फैसला त्रुटीपूर्ण हुँदा बदरभागी छ।<br>**ख.** नापी कार्यालय बाराका तत्कालीन सर्भेक्षक प्रतिवादी सुनिल कुमार झाले कित्ताकाट हुँदा म कार्यालयले खटाएको कामकाज गर्न पिप्रा सिमरामा थिए उक्त कार्यमा मेरो संलग्नता नरहेको जिकिर लिएतापनि यिनै प्रतिवादीहरु उपर यसै विषयसँग सम्वन्धित बारा जिल्ला अदालतमा चलेको ठगी तथा सरकारी लिखत किर्ते मुद्दामा अनुसन्धानको क्रममा प्रतिवादी रामपति देवी थरुनीले प्रतिवादी सुदामा प्रसाद चौधरीलाई हालैको बकसपत्र पारित गरी दिएको लिखत तयार गर्ने लेखापढी ब्यवसायी प्रतिवादी जयलाल सहनीले जिल्ला सरकारी वकील कार्यालय कलैया बारामा मिति२०७७।९७।२७ गते ठगी मुद्दाको अनुसन्धानको क्रममा बयान |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | हुन तथा सोही ऐनको दफा ३(१) बमोजिम जरिवाना हुन र रिसवत लिएको रकम सोही ऐनको दफा ३(१) बमोजिम असुल/जफत गरी पाउन, गलत लिखत तयार गरेतर्फ सोही ऐनको दफा ९ को कसुरमा सोही दफा ९ बमोजिम कैद र जरिवाना हुन र लिखत सच्याएतर्फ सोही ऐनको दफा ११ बमोजिमको कसुरमा सोही दफा ११ बमोजिम कैद र जरिवाना हुन मागदाबी लिइएको।<br>घ. **मालपोत कार्यालय बारामा कार्यरत तत्कालीन नायव सुव्वा प्रतिवादी बुधनप्रसाद यादवलाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा बिगो रु.१,५०,०००।- कायम गरी सोही ऐनको दफा ३(१)(घ) बमोजिम कैद सजाय हुन तथा सोही ऐनको दफा ३(१) बमोजिम जरिवाना हुन र रिसवत लिएको रकम सोही ऐनको दफा ३(१) बमोजिम असुल/जफत गरी पाउन, गलत लिखत तयार गरेतर्फ सोही ऐनको दफा ९ को कसुरमा सोही दफा ९ बमोजिम कैद र जरिवाना हुन र लिखत सच्याएतर्फ सोही ऐनको दफा ११ बमोजिमको कसुरमा सोही दफा ११ बमोजिम कैद र जरिवाना हुन मागदाबी लिइएको।<br>ङ. **लेखापढी व्यवसायी प्रतिवादी जयलाल सहनीलाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा बिगो रु.१,५०,०००।- कायम गरी सोही ऐनको दफा ३(१)(घ) बमोजिम कैद सजाय हुन तथा सोही ऐनको दफा ३(१) बमोजिम जरिवाना हुन र रिसवत लिएको रकम सोही ऐनको दफा ३(१) बमोजिम असुल/जफत गरी पाउन, गलत लिखत तयार गरेतर्फ सोही ऐनको दफा ९ को कसुरमा सोही दफा ९ बमोजिम कैद र जरिवाना हुन र लिखत सच्याएतर्फ सोही ऐनको दफा ११ बमोजिमको कसुरमा सोही दफा ११ बमोजिम कैद र जरिवाना हुन मागदाबी लिइएको।<br>च. **जग्गाधनी प्रतिवादी सुदामा प्रसाद चौधरी थारुलाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) बमोजिमको कसुरमा बिगो रु.१,५०,०००।- कायम गरी सोही दफाले निर्देश गरे बमोजिम सोही | बुमी समेत उपर अन्य आरोपदावी वस्तुनिष्ठ प्रमाणले पुष्टि हुन नसकी निज प्रतिवादीहरुले आरोपदाबीबाट सफाई पाउने ठहर्छ भनी फैसला भएको छ।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः**<br>क. घुस रिसवत पुष्टि हुनका लागि राष्ट्रसेवक व्यक्तिले कुनै काम गर्न वा गरिदिए वापत रिसवत माग गरी वा रिसवत लिन मन्जुर गरी घुस लिए दिएको भन्ने तथ्ययुक्त र ठोस प्रमाण कागजबाट देखिनुपर्नेमा प्रस्तुत मुद्दामा घुस दिए लिएको कुनै अडियो, भिडियो संवाद, लिखित स्क्रिप्ट प्रमाण घुस माग गरेको वार्तालाप र सो रहे भएको भन्ने मिसिल संलग्न कागजात एवं प्रतिवादीहरूको बयान कहींकतैबाट खुल्न नआएको।<br>ख. प्रतिवादी सुनिल कुमार झाले उक्त जग्गाहरुको क्षेत्रफल बढी कायम गराउन अन्य प्रतिवादीहरुसंग वा जग्गाधनी प्रतिवादी | गर्दा प्रतिवादी रामपति देवीको नाममा रहेको जग्गाको क्षेत्रफल बढाउन प्रतिवादी सुदामा प्रसाद चौधरीले प्रतिवादी सुनील कुमार झालाई रु.१,५०,०००।०० दिएको हो भनी लेखाई दिएको पाइन्छ। त्यसै गरी अर्का प्रतिवादी जग्गाधनी सुदामा प्रसाद चौधरीले समेत सोही मुद्दाको अनुसन्धानको वयानका क्रममा रिसवत वापत रु.१,५०,०००।०० दिएको भनी लेखाई दिएको बयान ब्यहोराबाट घुस/रिसवत लेनदेन भएको स्पष्ट देखिदा देखिदै प्रतिवादी सुनिल कुमार झाले उक्त जग्गाहरुको क्षेत्रफल बढी कायम गराउन अन्य प्रतिवादीहरुसंग वा जग्गाधनी प्रतिवादी समेतसंग मिलोमतो गरेको भनी सहप्रतिवादीहरुले पोल गरेको अवस्था पनि नभएको भनी यी प्रतिवादी सुनिल कुमार झालाई आरोपदावीबाट सफाई दिने गरी भएको फैसला त्रुटीपूर्ण हुँदा बदरभागी छ।<br>ग. प्रस्तुत फैसलाका सन्दर्भमा, राम बहादुर थापा विरुद्ध नेपाल सरकार ने.का.प. २०७४, अंक९, नि.नं. ९८८० मा "**प्रमाण ऐन, २०३१ को दफा ९ मा पक्षले अदालत बाहेक अन्यत्र व्यक्त गरेको कुनै कुरा निजका विरुद्ध प्रमाणमा लिन हुन्छ" भन्ने ब्यवस्था रहेको छ। पक्षले बोली वचनद्वारा, लेखेर, इशाराद्वारा वा आचारणद्वारा पनि कुनै कुरा ब्यक्त गरेको हुन सक्तछ। यसरी ब्यक्त गरेको कुरा यदि प्रमाण ऐन, २०३१ को दफा ९(२)(क) मा ब्यवस्थित प्रावधानहरुको प्रतिकुल देखिदैन भने त्यस्तो कुरालाई प्रमाणमा लिन मिल्ने नै देखिने" त्यस्तै (बमबहादुर बस्नेत समेत विरूद्ध नेपाल सरकार भएको ने.का.प.२०७०, अङ्क ६,निर्णय नं.९०२२) "दुई विपरीत खालका अभिव्यक्ति मिसिल सामेल रहेकोमा अदालतले स्वतन्त्र प्रमाणबाट पुष्टि हुने कथनलाई प्रमाणमा लिनुपर्ने हुन्छ। अधिकार प्राप्त अधिकारी समक्षको साबिती र अदालत समक्षको इन्कारी मध्ये कुनलाई प्रमाणमा ग्रहण गर्ने भन्ने सन्दर्भमा कुन कथन अन्य प्रमाणबाट समर्थित हुन्छ भन्ने कुरा नै अदालतले निष्कर्ष निकाल्ने आधार हो। अधिकारप्राप्त अधिकारी समक्ष व्यक्त गरेका कुरा प्रमाण शून्य हुने होइनन्। न त प्रतिवादीहरूको अदालत समक्षको इन्कारी नै अकाट्य प्रमाण मानिने हो। अदालत समक्ष इन्कारी गर्दा अधिकार प्राप्त अधिकारी समक्ष के कुन कारण र कसरी साबित बनाइयो भन्ने कुराका हकमा व्यक्त गरेको कुरामा अदालतले ध्यान दिनुपर्ने। प्रमाण ऐन, २०३१ को दफा ९(२) ले व्यवस्था गरेका भय, त्रास, प्रलोभन समेतका अबस्था देखिएमा अभियुक्तको अदालतबाहेक अन्यत्र व्यक्त गरेको कुरा प्रमाण नलाग्ने हुन्छ। अभियुक्तले अधिकार प्राप्त अधिकारी समक्ष कुनै कुरा व्यक्त गर्दाको अवस्थाको सचेतता, यातना, धम्की र प्रलोभन दिएको थिएन भन्ने प्रत्याभूति प्रमाणित गर्नुपर्दछ तर, यी अवस्थाको जिकीर र आधार भने मिसिलबाट देखिनुपर्ने। मुद्दाको एक पक्ष सरकारको प्रतिनिधि अनुसन्धान अधिकारीले आफ्नो विपक्षलाई कब्जामा राखी व्यक्त गराइएका अभिव्यक्तिलाई अदालतले सहजै विश्वास गरी प्रमाणको रूपमा ग्रहण गर्न नहुने भन्ने नै प्रमाण ऐन, २०३१ को दफा** |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ऐनको दफा ३(१)(घ) बमोजिम कैद सजाय हुन तथा सोही ऐनको दफा ३(१) बमोजिम जरिवाना हुन र रिसवत दिएको रकम सोही ऐनको दफा ३(१) बमोजिम असुल/जफत गरी पाउन, साथै यी प्रतिवादी सुदामा प्रसाद चौधरीले मालपोत कार्यालयबाट पारित भएका हालैको बकसपत्र लिखत, स्रेस्ता, नापी कार्यालयबाट तयार भएका प्लट रजिष्टर, फाइल नक्सासमेतमा गलत ब्यहोरा लेख्ने र लिखत सच्याउने कार्यमा राष्ट्रसेवक समेतका प्रतिवादीहरूलाई घुस रिसवत दिई मतियारको भूमिका निर्वाह गरेको पुष्टि हुँदा, गलत लिखत तयार गर्ने र लिखत सच्याएको कसुरको मतियार भइ सोही ऐनको दफा २२ बमोजिमको कसुरजन्य कार्य गरेको हुँदा मुख्य कसुरदारलाई सोही ऐनको दफा ९ र दफा ११ बमोजिम हुने सजायलाई आधारमानी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम सजाय हुन मागदाबी लिएको देखियो।<br>छ. **जग्गाधनी प्रतिवादी रामपति देवी थरुनीलाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) बमोजिमको कसुरमा बिगो रु.१,५०,०००।- कायम गरी सोही दफाले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३(१)(घ) बमोजिम कैद सजाय हुन तथा सोही ऐनको दफा ३(१) बमोजिम जरिवाना हुन र रिसवत दिएको रकम सोही ऐनको दफा ३(१) बमोजिम असुल/जफत गरी पाउन, साथै यी प्रतिवादी सुदामा प्रसाद चौधरीले मालपोत कार्यालयबाट पारित भएका हालैको बकसपत्र लिखत, स्रेस्ता, नापी कार्यालयबाट तयार भएका प्लट रजिष्टर, फाइल नक्सासमेतमा गलत ब्यहोरा लेख्ने र लिखत सच्याउने कार्यमा राष्ट्रसेवक समेतका प्रतिवादीहरूलाई घुस रिसवत दिई मतियारको भूमिका निर्वाह गरेको पुष्टि हुँदा, गलत लिखत तयार गर्ने र लिखत सच्याएको कसुरको मतियार भइ सोही ऐनको दफा २२ बमोजिमको कसुरजन्य कार्य गरेको हुँदा मुख्य कसुरदारलाई सोही ऐनको दफा ९ र दफा ११ बमोजिम हुने सजायलाई आधारमानी सोही ऐनको दफा | समेतसंग मिलोमतो गरेको भनी सहप्रतिवादीहरुले पोल गरेको अवस्था पनि नभएको। कि.नं.२२१ र २८३ को जग्गा कित्ताकाट गरी प्लट रजिष्टर र नापी नक्सा तथा क्षेत्रफल कायम गरिएको मितिमा यी प्रतिवादी नापी कार्यालय, बारामा नभई अन्यन्त्र फिल्डको काममा खटिएको भन्ने निजले पेश गरेका कागजसमेतबाट खुल्न आएको।<br>ग. प्रतिवादी बुधनप्रसाद यादव मालपोत कार्यालय बाराको ना.सु.स्तरको कर्मचारी रही निजले पारित भैसकेको लिखतको नियमानुसार राजस्व रकम बुझी रसिद काट्ने सम्मको कार्य गरेको आधारबाट कि.नं.३२३ र ३२५ को जग्गामा बढी क्षेत्रफल कायम गर्ने गराउने कार्यमा संलग्न रहेछन् भनी अनुमान गरी कसूरमा कायम गर्न मिल्ने नदेखिएको | **९(२) को आशय भएकाले उक्त दफाको परिपालनकै सन्दर्भमा म्याद थपका लागि अदालतमा पेश गरिदा अभियुक्तलाई सशरीर न्यायाधीश समक्ष उपस्थित गराउनु पर्ने, त्यस बेलासम्म खडा भएका लिखतमा अदालतले छाप लगाई दिने र अभियुक्तसँग सोधपूछ गर्दा आवश्यकता महसूस गरिएमा तत्कालै घाँ जाँच वा स्वास्थ्य परीक्षण गराउन अस्पताल पठाइने कार्यविधि सुनिश्चित् छ। अदालत बाहेक अन्यत्र अभियुक्तले व्यक्त गरेका कुरा प्रमाणमा ग्रहण गर्दा सतर्कता अपनाउनु पर्ने। अन्य स्वतन्त्र प्रमाणले पुष्टि गरेको अवस्था र अधिकारप्राप्त अधिकारी समक्षको आफ्नो कथन ईच्छा विरुद्धको हो भनी लिएको जिकीरलाई विश्वास गर्न सकिने आधार नदेखाइएको अवस्थामा सो कथन प्रमाण शून्य हुन्छ भन्न नसकिने”** भनि सिद्धान्त प्रतिपादन भएको अवस्था छ। प्रस्तुत मुद्दामा समेत प्रतिवादीले हस्तलिखित रुपमा आफुले लेखेको वयान तथ्य स्वीकार गरिरहेको अवस्थामा मौकाको कसूर स्वीकारी तथा सह प्रतिवादीलाई पोल गरी गरेको वयानलाई प्रमाणको रुपमा ग्रहण गरी सम्मानित बारा जिल्ला अदालतबाट यी सम्पूर्ण प्रतिवादीहरुलाई लिखत किर्ते तथा ठगीको कसूरमा कसूर ठहर भई सजाय समेत भएको अवस्थामा सोही मुद्दाको अनुसन्धानको क्रममा भ्रष्टाचारजन्य कार्य भएको देखिएबाट उठान भएको प्रस्तुत मुद्दामा फैसला गर्दा यी प्रतिवादीहरु दीनानाथ मिश्र, सुमन प्रसाद चौधरी, शिव वालक साह कानू, बुधनप्रसाद यादव, सुनिल कुमार झा, जयलाल सहनी, सुदामा प्रसाद चौधरी र रामपति देवी थरुनी लाई घुस/रिसवतको कसूरमा सफाई दिने गरी भएको फैसला त्रुटीपूर्ण हुँदा बदरभागी छ।<br>घ. प्रतिवादीहरुको मिलोमतोमा जग्गाको क्षेत्रफल बढाउने र बढेको जग्गा विक्री गरी ठगी गर्ने तथा किर्ते गरेको विषयमा बारा जिल्ला अदालतमा दायर भएको ठगी मुद्दामा प्रतिवादी दिनानाथ मिश्र समेतको मिलेमतोमा आर्थिक लाभका लागि ठगी खाने उद्देश्यले फिल्डमा नभएको जग्गालाई पुर्जा, मोठ, श्रेस्ता, नक्सा समेतमा थपी सरकारी लिखत किर्ते गरी गराई बढी जग्गा देखाई विक्री गरी ठगी तथा लिखत किर्ते सम्बन्धी कसूर गरेको ठहर भई प्रतिवादीहरू सुदामा प्रसाद चौधरी थारु, जयलाल सहनी, बुधन प्रसाद यादव, सुमन प्रसाद चौधरी, सुनिल झा, दिनानाथ मिश्र र शिवबालक साहले फिल्डमा तथा श्रेस्तामा नभएको जग्गालाई लिखत, पुर्जा, श्रेस्ता तथा नक्सामा समेत जग्गाधनीले पतिलाई हालैदेखिको बकसपत्र मार्फत दिन चाहेको क्षेत्रफल कित्ता फोड गरी हकहस्तान्तरण गरेपछि बकसपत्र गरिदिने जग्गाधनीको नाममा बाँकी रहने जग्गाको कायमी कित्ताहरुमा स्वभाविक रुपमा कम क्षेत्रफल बाँकी रहने सामान्य समझको विषय तथ्यका कुरा स्पष्ट जानकारी हुँदाहुँदै बदनियतपूर्वक बकसपत्र गरिलिने जग्गाधनीसँग रिसवत लिई बढी क्षेत्रफलको जग्गा कायम गरी गराई श्रेस्तामा समेत बढी क्षेत्रफलको जग्गा बाँकी रहेको देखाई कायम गरी गराई रिसवत लिई दिई सरकारी लिखत सच्याउने, गलत |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम सजाय हुन मागदाबी लिएको देखियो।<br>ज. **नापी कार्यालय बाराका तत्कालीन सर्वेक्षक प्रतिवादी सुनिल कुमार झालाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) बमोजिमको कसुरमा बिगो रु.१,५०,०००।– कायम गरी सोही दफाले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३(१)(घ) बमोजिम कैद सजाय हुन तथा सोही ऐनको दफा ३(१) बमोजिम जरिवाना हुन र रिसवत दिएको रकम सोही ऐनको दफा ३(१) बमोजिम असुल/जफत गरी पाउन, साथै यी प्रतिवादी सुदामा प्रसाद चौधरीले मालपोत कार्यालयबाट पारित भएका हालैको बकसपत्र लिखत, स्रेस्ता, नापी कार्यालयबाट तयार भएका प्लट रजिष्टर, फाइल नक्सासमेतमा गलत ब्यहोरा लेख्ने र लिखत सच्याउने कार्यमा राष्ट्रसेवक समेतका प्रतिवादीहरूलाई घुस रिसवत दिई मतियारको भूमिका निर्वाह गरेको पुष्टि हुँदा, गलत लिखत तयार गर्ने र लिखत सच्याएको कसुरको मतियार भइ सोही ऐनको दफा २२ बमोजिमको कसुरजन्य कार्य गरेको हुँदा मुख्य कसुरदारलाई सोही ऐनको दफा ९ र दफा ११ बमोजिम हुने सजायलाई आधारमानी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम सजाय हुन मागदाबी लिई विशेष अदालत समक्ष आरोपपत्र दायर भएको देखिन्छ। | | लिखत तयार पार्ने तथा सरकारी लिखत कीर्ते गरेको समेत पुष्टि हुन आउछ।प्रस्तुत मुद्दामा वारा जिल्लाबाट उल्लिखित आरोपी प्रतिवादीहरुले किर्ते तथा ठगीको कसूर गरेको ठहर गरी आरोपीहरुलाई सजाय हुने ठहर गरी फैसला समेत भएको अवस्थामा उक्त मुद्दाको मिसिल संलग्न सवूद प्रमाणहरुबाट समेत रिसवत लिई दिई सरकारी लिखत सच्याउने, गलत लिखत तयार पार्ने तथा सरकारी लिखत कीर्ते गरेको स्पष्ट देखिएको अवस्था यी प्रतिवादी सुनिल कुमार झा र बुधन प्रसाद यादवलाई आरोपदावीबाट सफाई दिने गरी भएको फैसला त्रुटीपूर्ण हुँदा बदरभागी छ।<br>**ङ.** प्रतिवादी सुदामा प्रसाद चौधरीले आफ्नो पत्नी रामपति देवी थरुनीको नाउँमा रहेको जिल्ला बारा डुमरवाना गा.वि.स.स्थित कि.नं. २२१ र कि.नं. २८३ को जग्गाको क्षेत्रफल बढाई विक्री गर्न प्रतिवादी जयलाल सहनीलाई रु.१,५०,०००।०० नगद समेत दिई प्रतिवादी जयलाल सहनीले उक्त रकम तत्कालीन नापी कार्यालय बारामा कार्यरत सर्वेक्षक सुनिल कुमार झालाई दिई निज मार्फत उक्त रकम अन्य प्रतिवादीहरुले समेत प्राप्त गरी प्रतिवादीहरुको मिलेमतोमा जिल्ला बारा डुमरवाना गा.वि.स. वडा नं. ६ स्थित प्रतिवादी रामपति देवी थरुनीको नाउँमा रहेको साविक कि.नं. २२१ को क्षेत्रफल ज.बि. ०-१-१० बाट आफ्ना पति सुदामा चौधरीलाई ०-०-१० जग्गा पास गरी बाँकी ०-१-० हुनुपर्नेमा लिखतको बाँकी महलमा क्षेत्रफल ०-३-१० अभिलेख राखेको र साविक कि.नं. २८३ को ०-३-१० जग्गाबाट प्रतिवादी सुदामा प्रसाद चौधरीलाई ०-१-० पास गरिदिए पछि क्षेत्रफल०-२-१० बाँकी हुनुपर्नेमा बाँकी क्षेत्रफल०-६-० अभिलेख देखाई सोही अनुसार प्लट रजिष्ट्रर, फाईल नक्सा, बकसपत्रको लिखत समेत तयार गरी प्रतिवादीहरुको मिलेमतोमा रिसवत समेत लिई फिल्डमा नभएको जग्गाको क्षेत्रफल बढाई आफूहरुलाई गैरकानूनी लाभ र जग्गा खरिदकर्तालाई गैरकानूनी हानी पुर्‍याउने बदनियत राखी यसरी प्रतिवादी रामपति देवी थरुनीका नाममा रहेका कित्ता जग्गाहरुमध्येबाट प्रतिवादी सुदामा प्रसाद चौधरीलाई हालैको बकसपत्रबाट केही जग्गाहरु पास गरी दिई कित्ताकाटको क्रममा क्षेत्रफल बढाई बिक्री गरी आफूहरुलाई फाइदा र जग्गा खरिदकर्ताहरुलाई नोक्सानी गराउने बदनियत राखी प्रतिवादी बुधन प्रसाद यादवले उल्लिखित जग्गाहरुको जग्गाको क्षेत्रफलको अभिलेख, जग्गाधनी दर्ता श्रेस्ता तथा पुर्जा तयार गरी पेश गर्दा प्रतिवादी रामपति देवी थरुनीले हक हस्तान्तरण गरी बाँकी रहेको जग्गाको क्षेत्रफल बढाई दिई निजबाट घुस रिसवत लिई निजलाई मोलाहिजा गरी प्रतिवादी रापमति देवी थरुनीबाट जग्गा खरिद गर्ने व्यक्तिहरुलाई अनिष्ट गर्न प्रतिवादी रामपति देवी थरुनीका पति सुदामा प्रसाद चौधरीबाट प्रतिवादी जयलाल सहनी र सुनिल कुमार झा मार्फत आपसी मिलेमतोमा रु.१,५०,०००।०० रिसवत रकम लिई प्रतिवादी |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | रामपति देवी थरुनीले आफ्ना पति प्रतिवादी सुदामा प्रसाद चौधरीलाई वकस दिई बाँकी रहेको जग्गाको क्षेत्रफल बढाउने प्रयोजनको लागि मालपोत कार्यालयबाट पारित भएका हालैको बकसपत्र लिखत, जग्गाधनी दर्ता श्रेस्ता तथा पुर्जा समेतमा गलत ब्यहोरा लेखी, लिखत सच्याई आफूले समेत प्रमाणित गरी रिसवत लिने, गलत लिखत तयार गर्ने तथा सरकारी लिखत सच्याउने कसूर गरेको पुष्टि भई रहेको अवस्थामा प्रतिवादी बुधनप्रसाद यादव मालपोत कार्यालय बाराको ना.सु.स्तरको कर्मचारी रहेको निजले पारित भैसकेको लिखतको नियमानुसार राजस्व रकम बुझी रसिद काट्ने सम्मको कार्य गरेको जग्गामा बढी क्षेत्रफल कायम गर्ने गराउने कार्यमा संलग्न नरहेको भनी प्रतिवादी बुधनप्रसाद यादवलाई सफाई दिने गरी भएको फैसला त्रुटीपूर्ण हुँदा बदर गरी पाउँ।<br>अतः माथि विवेचित उल्लिखित आधार, कारण र मिसिल संलग्न प्रमाणहरुलाइ हेर्दा, यी प्रतिवादीहरु बुधनप्रसाद यादव, सुनिल कुमार झालाई आरोप मागदावी बमोजिम सजाय गर्नुपर्नेमा सफाई दिने गरी भएको फैसला र प्रतिवादीहरु दीनानाथ मिश्र, सुमन प्रसाद चौधरी, शिव वालक साह कानू, जयलाल सहनी, सुदामा प्रसाद चौधरी र रामपति देवी थरुनीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ बमोजिमको कसूरमा कसूरदार ठहर नगरेको हदसम्म फैसला त्रुटिपुर्ण देखिएकोले उक्त फैसला वदर गरी आरोप-पत्र मागदावी बमोजिम कसूर ठहर गरी सजाय गरि पाउँन सम्मानित अदालत समक्ष अनुरोध। |